स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नायिका केकी अधिकारीले आफ्नो नाम र तस्बिरको दुरुपयोग गरी विभिन्न सामाजिक सञ्जालमार्फत पैसा उठाइएको भन्दै आपत्ति जनाएकी छिन्। उनले भनेकी छिन् 'मेरो नाम र तस्बिरको दुरुपयोग गरी भाइवर र व्हाट्सएप मार्फत पैसा मागिरहेको भन्ने जानकारी प्राप्त भएको छ। यो कार्य कानुनी रुपमा पनि दण्डनीय छ।' अधिकारीले यसरी पैसा माग्नेहरूप्रति सजग रहन पनि सम्पूर्णमा अनुरोध गरेकी छिन्।

**आजको विचार...**



जेनजी...
*(दुई पेजमा)*

दुर्गा प्रसाद अर्याल



आगामी माघ १ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'मिरमिरे'मा एउटा गजबको संयोग जुरेको छ। त्यो हो, श्रीमान् हिरो र श्रीमती गायिका। यस फिल्ममा अभिनेता दयाहाङ राई मुख्य भूमिकामा छन् भने उनकी श्रीमती तथा गायिका बेनुका राईले यसै फिल्मको एक गीतमा आवाज दिएकी छन्। उनले केही दिनअघि गीत रेकर्ड गरेकी हुन्। बेनुका कुनै समयकी चल्तीकी गायिका हुन्। तर, दयाहाङसँग विवाह बन्धनमा बाँधिएपछि गायनमा उनको सक्रियता कम भयो।

❒ वर्ष ३१ अंक १४४ ❒ २०८२ पुस ६ गते आइतबार 21 December 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### सैन्य बेसमा आक्रमण सातको मृत्यु

**(रासस/सिन्ह्वा)**

**बोगोटा,** पुस ५/कोलम्बियाको उत्तरपूर्वी शहर अगुआचिकामा रहेको एक सैन्य बेसमा विद्रोही समूहले गरेको आक्रमणमा कम्तीमा सात जना सैनिकको मृत्यु भएको छ भने ३० जना घाइते भएका छन् । सेनाका अनुसार उक्त आक्रमण नेशनल लिबरेसन आर्मी (ईएलएन) ले ड्रोन प्रयोग गरी गरेको हो । सेनाले यसलाई 'आतङ्कवादी हमला' को संज्ञा दिँदै यसले सर्वसाधारणको ज्यान जोखिममा पार्नुका साथै मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लैन गरेको जनाएको छ । कोलम्बियाका राष्ट्रपति गुस्ताभो पेट्रोले सामाजिक सञ्जाल एक्स मार्फत प्रतिक्रिया दिँदै उन्नत एन्टी-ड्रोन प्रणालीको अभावका कारण यस्तो घटना भएको बताएका छन् । उनले अवैध सशस्त्र समूहका यस्ता आक्रमण रोक्न तत्काल आवश्यक एन्टी-ड्रोन प्रणाली खरिद गर्ने आदेश दिएको जानकारी दिए । यसैबीच, सैनिक बलका प्रमुख कमाण्डर जनरल फ्रान्सिस्को कुबिदेसले ईएलएनका आतङ्कवादी गतिविधिविरुद्ध गुप्तचर सङ्कलन तथा सैन्य कारबाहीलाई थप सुदृढ गरिने बताएका छन् ।

# पाल्पामा आयुर्वेदिक उपचारप्रति बिरामीको आकर्षण बढ्दो

## न्युनतम सेवा मापदण्ड कार्यान्वयनमा समेत स्वास्थ्य केन्द्र उत्कृष्ट

**कृष्ण पोखरेल**






**पाल्पा,** पुस ५/पछिल्लो समय आयुर्वेद स्वास्थ्य केन्द्र पाल्पामा बिरामीको आकर्षण बढेको छ । रोग निको हुने तथा नि:शुल्क रुपमा राम्रो स्वास्थ्य सेवा पाएसँगै बिरामीको यसप्रति आकर्षण बढेको हो ।

आयुर्वेदिक उपचारमा मानिसहरूको कमै ध्यान जाने भएता पनि यहाँ भने केही समय देखी आयुर्वेदिक उपचारमा स्थानीयवासीको चासो बढ्न थालेको छ । दैनिक जसो दुई सय जनासम्म विभिन्न रोगका बिरामीहरू आयुर्वेदिक उपचारका लागि आउने गरेको आयुर्वेद जिल्ला स्वास्थ्य केन्द्र पाल्पाले जनाएको छ । बिरामीको सुविधालाई ध्यानमा राख्दै यहाँ विभिन्न स्वास्थ्य उपकरणसमेत जडान गरिएको छ । उपचारमा आउने बिरामीलाई विभिन्न आयुर्वेदिक औषधिको प्रयोगसँगै उपकरणको सहायताले रोग अनुसारको उपचार पद्धति अपनाइएको छ । यहाँ नियमित रुपमा दुई जना आयुर्वेदिक चिकित्सक सहति ११ जना कर्मचारीहरुले सेवा प्रवाह गर्दै आएका छन् । पछिल्लो समय आयुर्वेद उपचार प्रति सेवाग्राहीको आकर्षण बढ्दै गएको पाल्पा आयुर्वेदिक स्वास्थ्य केन्द्रका प्रमुख माधव प्रसाद बस्यालले बताए । "पछिल्लो समय आयुर्वेदिक उपचारमा स्थानीयवासीको चाप बढेको छ,आयुर्वेदिक औषधिको असर पनि नहुने भएकाले यसको प्रयोगमा आकर्षण बढेको हो ।" उनले भने । "उपचारका लागि आउने अधिकांश पायल्स, ढाडको समस्या, जन्डिस, ग्यास्ट्रिक, दमखोकी, हाडजोर्नीका समस्या र नसासम्बन्धीका रोगी छन् । उपचार पद्धति सजिलो र प्रभावकारी भएकाले स्थानीयमा झन् आयुर्वेदिक उपचारप्रति विश्वास बढेको छ ।" बस्यालले थपे । स्वास्थ्य केन्द्रले प्रभावकारी सेवा प्रवाह गर्दै आएका कारण समेत न्युनतम सेवा मापदण्ड कार्यान्वयनमा उत्कृष्ट हुन सफल भएको छ । लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयले सार्वजनिक गरेको न्युनतम सेवा मापदण्ड कार्यान्वयन मूल्याङ्कनमा उत्कृष्ट अंक ल्याउन सफल भएको छ । निर्देशनालयले स्थलगत अनुगमन गरी एक कार्यक्रमका बिच चालु आर्थिक वर्षको न्युनतम सेवा मापदण्ड कार्यान्वयन कार्यक्रमको नतिजा सार्वजनिक गरेको छ । तानसेनमा आयोजित कार्यक्रममा निर्देशनालयका आयुर्वेदिक विज्ञ डा. विभाकर ठाकुरले स्वास्थ्य केन्द्रले ५९ दशमलव ८२ अंक प्राप्त गरेको नतिजा सार्वजनिक गरे । निर्देशनालयले शुसासन तथा व्यवस्थापन, अस्पतालको सेवा प्रवाह, तथा सपोर्ट सर्भिस गरी तीन विषय अन्तर्गत ४ सय ४० वटा सूचकहरूको आधारमा मूल्याङ्कन गरेको जनाएको छ । पाल्पा आयुर्वेदिक स्वास्थ्य केन्द्र गत बर्ष लुम्बिनी प्रदेशमा १४ जिल्लाको कार्यसम्पादनमा तेस्रो भई पुरस्कृत भएको थियो । पाल्पामा एक आयुर्वेदिक स्वास्थ्य केन्द्र, ७ वटा आयुर्वेदिक औषधालय, ३ वटा नागरिक आरोग्य केन्द्र गरी ११ वटा आयुर्बेदिक संस्थाले उपचार प्रदान गर्दै आएका छन् । सार्वजनिक नतिजाअनुसार केन्द्रले गत आर्थिक वर्ष ५५ दशमलव ८० अंक प्राप्त गरेको थियो भने अघिल्लो वर्ष ५३ अंक पाएको थियो । पछिल्ला तीन वर्षको नतिजा हेर्दा केन्द्रले क्रमिक रुपमा प्रगति गर्दै गएको देखिएको छ । डा. ठाकुरका अनुसार सेवा गुणस्तर, व्यवस्थापन प्रणाली र अभिलेखीकरणमा सुधार हुँदा अंकमा वृद्धि भएको हो । कार्यक्रममा पाल्पा आयुर्वेदिक स्वास्थ्य केन्द्रका प्रमुख माधव प्रसाद बस्यालले केन्द्रले आयुर्वेद क्षेत्रमा गरेका काम तथा गतिविधीहरू सार्वजनिक गरे । उनले पछिल्लो समय आयुर्वेदिक उपचारप्रति सेवाग्राहीको आकर्षण बढ्दै गएको बताए । दैनिक रुपमा विभिन्न दीर्घरोग, जीवनशैलीसम्बन्धी समस्या तथा सामान्य उपचारका लागि सेवाग्राही आउने गरेको उल्लेख गर्दै उनले जनशक्ति र सीमित स्रोत साधनका बाबजुद पनि सेवा निरन्तर प्रवाह भइरहेको बताए ।

*-बाँकी अन्तिम पेजमा...*

## १६८ मतदान स्थल थपिए



**पाल्पा,** पुस ५/देशभर १६८ मतदान स्थल थपिएको छ । आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरबाट उक्त संख्यामा मतदान स्थल थपिएको हो ।

निर्वाचन आयोगले सहज रूपमा मतदान गर्ने व्यवस्थाका लागि मतदान स्थल थप गरेको छ । साविकमा दश हजार ८ सय ९२ मतदान स्थल रहेका थिए । मतदान स्थल थपिएसँगै अहिले १० हजार ९ सय ६७ पुगेको छ । यस्तै, प्रयोगमा नरहेका र समायोजित भएका ९३ वटा मतदानस्थल भने खारेज गरिएको छ । आम मतदातालाई सहज, सहज रूपमा मतदान गर्ने व्यवस्थाका लागि मतदानस्थल तय गरिएको आयोगले जनाएको छ । मतदातालाई अपायक परेका, प्रयोगका नरहेका मतदान केन्द्र खारेज गरी पायक पर्ने स्थानमा थप गरिएको हो । मतदानस्थल पुनरावलोकन गर्ने क्रममा मतदान स्थलको नाम, ठेगानामा रहेको त्रुटी सच्याउने, मतदातालाई पायक पर्ने स्थानमा आंशिक वा सबै मतदातालाई स्थानान्तरण गरिनेछ । यसैगरी, मतदातालाई साविककै अर्को मतदानस्थलमा समायोजनसमेत गरिएको छ । आयोगले यसअघि नै सार्वजनिक सूचनामार्फत मतदानस्थल पुनरावलोकनका लागि सूचनामार्फत जानकारी गराएको थियो । पुनरावलोकनको क्रममा कुनै मतदाताको नाम सम्बन्धित मतदानस्थलमा सार्न वा समावेश हुन छुट भएको भए दावी विरोध गर्न आग्रह गरेको थियो । एउटै वडाभित्र रहेको कुनै एक मतदानस्थलबाट आफूलाई पायक पर्ने अर्को मतदानस्थलमा नाम सार्नका लागि निवेदन दिन सक्ने व्यवस्था गरिएको आयोगले उल्लेख गरेको थियो ।

## 'बुद्ध जन्मस्थलको अदृश्य साक्षी' तेलार नदीको अस्तित्व सङ्कटमा

**रामविकास चौधरी/रासस**



**लुम्बिनी (मर्चवार),**पुस ५/ विश्वशान्तिको मुहान लुम्बिनी केवल धार्मिकस्थलमात्र नभई प्राकृतिक एवं वातावरणीय सम्पदाको जीवित अवशेष पनि हो । यसै प्राचीन परिवेशको महत्वपूर्ण जलस्रोत तथा बुद्धकालीन यात्रापथको साक्षी 'तेलार नदी' यतिबेला आफ्नो अस्तित्व जोगाउन सैर्ष गरिरहेको छ ।

"विगतमा बाह्रै महिना कञ्चन पानी बग्ने यो नदी अहिले ढल र फोहर फाल्ने ठाउँ बनेको छ", लुम्बिनी सांस्कृतिक नगरपालिका-८ महिलवार निवासी लक्ष्मी थारूले भनिन्, "नदीजन्य पदार्थको दोहन, प्रदूषण र अतिक्रमणले गर्दा तेलार नदी, साँघुरो नालामा परिणत हुँदै गएको छ ।" बौद्ध ग्रन्थ 'निदान कथा' र स्थानीय किंवदन्तीका अनुसार राजकुमार सिद्धार्थ गौतमको जन्मपछि देवताहरूले नुहाउनका लागि तातो र चिसो पानीका साथै तेलका धाराहरू पनि बगाएका थिए । त्यही तेलको धाराबाट यसको उत्पत्ति भएको र नाम 'तैल' वा 'तेलार' रहन गएको विश्वास गरिन्छ । पुरातत्वविद्हरूले यसलाई 'स्थलचिह्न' मान्छन् । सन् १८९६ मा लुम्बिनीलाई आधिकारिक रूपमा प्रमाणित गर्नुअघि तेलार नदी नै त्यो एकमात्र प्राकृतिक चिनारी थियो, जसले लुम्बिनीको वास्तविक अवस्थितिको सङ्केत गरिरहेको थियो । त्यसैले यसलाई बुद्धजन्मस्थलको 'अदृश्य साक्षी' भनिन्छ । यति मात्र होइन, तेलारलाई बुद्धको राजधानी कपिलवस्तु समेतको पहिचान गर्ने एक मुख्य भौगोलिक आधार मानिन्छ । सन् १८९६ मा डा ए फुहरर र अन्य पुरातत्वविद्हरूले तिलोराकोटलाई नै वास्तविक कपिलवस्तु हो भनेर पुष्टि गर्दा तेलार नदीको अवस्थितिलाई मुख्य प्रमाण मानेका थिए । स्थानीय जानकार मेघनाथ आचार्य भन्छन्, "मायादेवी देवदह जाँदा होस् वा सिद्धार्थले कपिलवस्तुबाट यात्रा गर्दा, यो नदी पार गर्नु अनिवार्य थियो । यसैले तेलार नदीलाई केवल भौगोलिक र प्राकृतिक स्रोतका रूपमा नभई बौद्धकालीन सम्पदा-नदीका रूपमा अध्ययन, संरक्षण र प्रवर्द्धन गर्न जरुरी छ ।" सन् १८७९ मा स्कटिस लेखक तथा पुरातत्वविद् एसीएल कार्लाइलले आफ्नो पुस्तक 'आर्कोलोजिकल सर्भे इन इन्डिया'मा तेलार नदीको चर्चा गरेका छन् । चिनियाँ यात्री ह्वेनसाङको यात्रा विवरणमा उल्लेखित 'तैल नदी'को दूरी र दिशा वर्तमान तेलार नदीसँग हुबहु मेल खाने कार्लाइलको ठम्याइ छ । लुम्बिनीका बौद्ध अध्येता भोला गुप्ताका अनुसार कार्लाइलले तेलार नदीलाई लुम्बिनी पहिचानको मुख्य 'प्राकृतिक प्रमाण' मानेका थिए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## स्वास्थ्यका लागि ध्यान

दीर्घ जीवनका लागि सबैभन्दा महत्वपूर्ण हो, स्वस्थ शरीर । स्वस्थ शरीरका लागि हाम्रा बानी व्यवहारले धेरै प्रभाव पार्छन् । रोग लाग्नुअघि नै निदानका उपाय अपनाउन सकियो भने धेरैजसो अवस्थामा अस्पतालसम्म पुगिरहन पर्दैन । स्वस्थ जीवनशैली भनेको शरीरलाई बलियो, ऊर्जावान् र खुसी महसुस गर्नु हो । शरीर स्वस्थ भयो भने काममा ऊर्जा आउँछ र परिणाम पनि राम्रो आउँछ । स्वस्थ जीवन व्यक्ति स्वयम्का लागि मात्र नभएर परिवारका लागि समेत महत्वपूर्ण हुन्छ । स्वस्थ जीवनका लागि ध्यान महत्वपूर्ण हुने गर्दछ । ध्यानले मानसिक तनाव कम गर्न धेरै सहयोग पुर्‍याउँछ । यसले कुनै काममा फोकस हुन र भावनात्मक रुपमा स्थिर हुन पनि मद्दत गर्छ । नियमित ध्यानले जीवनमा शारीरिक र मानसिक स्वास्थमा धेरै सुधार आउन सक्छ । यसले मानिसलाई धैर्यवान् बनाउन पनि सहयोग गर्छ ।

प्राचीनकालमा ध्यानकै कारणले कतिपय ऋषिमुनीहरु अध्यात्मिक शक्ति प्राप्त गरेका उदाहरणहरु प्रशस्तै छन् । विश्वमा नै ध्यान प्रमुख आवश्यकता बन्दै गएको छ । सबैलाई थाहा नहुनसक्छ, नियमित रुपमा ध्यान गर्नाले जीवनमा कहिल्यै पनि औषधि खानु पर्दैन । चिकित्सकलाई धाइरहनुपर्दैन । त्यसैले ध्यानलाई सबैले व्यवहारिक जीवनमा अपनाउन जरुरी छ । दिनको कुनै पनि समयमा ध्यान गर्न सकिन्छ । विशेषगरी बिहानको समयमा ध्यान गर्नु उचित हुन्छ । ध्यान गर्नको लागि शान्त ठाउँ चाहिन्छ । घरको कुनै पनि शान्त कुनामा बसेर सजिलै ध्यान गर्न सकिन्छ । ध्यानले निरोगी बनाउँछ शरीरलाई आकर्षक बनाउन, शान्त चित्त र राम्रो स्वास्थ्यका लागि अन्य कुनै उपाय अपनाउनु पर्दैन । तर मानिसले ध्यानको महत्व जान्दा–जान्दै पनि त्यसो गरेको हुँदैन । ध्यान त्यो प्रक्रिया हो जसद्वारा हाम्रो शरीर, मन र आत्मालाई सकारात्मक तरिकाले एकसाथ समावेश गर्दछ । ध्यानको महत्वलाई विश्वभर फैलाउन हरेक वर्षाको डिसेम्बर २१ मा विश्व ध्यान दिवस मनाउने गरिन्छ । आज पनि यस वर्षाको ध्यान दिवस नेपालसहित विश्व मनाइँदै छ । केही वर्षयता नेपालमा पनि ध्यानको महत्व केही बढ्दै गएको छ । गाउँ–गाउँमा समेत ध्यान र योग शिविर सञ्चालन हुने गरेका छन् । यो आफैमा राम्रो हो । ध्यान शारीरिक समस्याहरुको समाधान मात्र नभएर जीवनका सम्पूर्ण समस्याहरुको समाधान पनि हो । तसर्थ स्वस्थ रहनका लागि सधै ध्यान गर्न जरुरी छ ।

### Opinion @ Socia Network

हरेक मान्छेमा विश्वास हुँदैन, हरेक सम्बन्ध खास पनि हुँदैन,
माया त सबैले गर्छु भन्छन्, तर हरेक नातामा आफ्नोपनको आभास हुँदैन ।
*(सम्झना रानाको फेसबुक स्टाटसबाट www.facebook.com/Samjana.Rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जेनजी आन्दोलनलाई कम नजर अन्दाज नगरौं



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

*जेनजी बलिदानी र बगेको रगतलाई कम नजर अन्दाज गर्दै फेरि यस्थास्थिती र परम्परामै रमाउदै युवा केन्द्रीत, पारदर्शी, न्यायपूर्ण, सुशान तथा जवाफदेहिता प्रति गम्भिर हुन नसकेमा फेरि आक्रोस क्षतिमा परिवर्तन नहोला भन्न सकिदैन । त्यसैले जेनजी आन्दोलनको भावनालाई बुझ्नु र व्यबहारमा परिणात गर्नु आजको आवश्यकता पनि हो । जेनजी युवा बिद्रोह आन्दोलन मात्रै थिएन्, त्यो भनिए जस्तो सामाजिक सञ्जाल प्रतिबन्दका कारण मात्रै श्रजित घटना हैन् । यो बर्षौदेखिको राजनीतिक सिण्डीकेटको कारण उत्पन्न वेथिती, भ्रष्टचार र यसको ढाकछोप, तिव्र राजनीतिक हस्तक्षेप, दण्डहिन्ताका काराण आमजनमानसमा उत्पन्न उकुसमुकुसको विष्फोटन थियो । यो कुनै स्वार्थ परिपूर्ती र सत्ता प्राप्तिका लागि विगतमा दलहरुले गर्ने जस्तो आन्दोलन पनि थिएन् । केहि स्वार्थ समूह र खराव तत्वहरुको धमिलो पानीमा माछा मार्ने प्रवृत्ती हावी भएको कारण केहि सार्वजनिक तथा नीजि सम्पत्ती माथि आगजनी र तोडफोड हुनु यस आन्दोलनलाई असफल र तुहाउने स्वार्थ समूह सक्रिय भएको अनुमान लगाउन सकिन्छ ।*

राज्यका सबै संयन्त्रहरुले काम गर्न नसकेका, दुई तिहाईको शक्तिशाली प्रधानमन्त्री पनि उच्च सुरक्षा संयन्त्र असफल भएर भाग्नु परेको अवस्था, देशै रहने की नरहने चिन्ता, मुख्य प्रशासनिक केन्द्र सिंह दरवार, न्यायको धरोहर सर्वोच्च अदालत दनदनी जलेको हृदयविदारक क्षण, सडकमा कलिला युवाहरुको रगतको खोलो बगेको, अब के हुने डर र चिन्ताले आमनागरिक आक्रान्त पारेको कहाली लाग्दो भाद्र २३ र २४ को जेनजी युवा पुस्ताको आन्दोलन राणाकालीन कोट पर्वलाई बिर्साउने अकल्पनीय घटना थियो भन्दा खासै फरक नपर्ने देखिन्छ । देश वर्तमान अवस्थामा आउला, देशमा शान्ती छाउला ,जनजीवन सामान्य बन्ला भन्ने पक्षहरु कल्पना भन्दा वाहिरका विषयबस्तुहरु बनेको तत्कालीन स्थिति सिर्जनामा लामो समयको तयारी र पूर्व निरधारित सुनियोजित कार्य पनि थिएन् । यी सबै उत्पन्न भएका थिए तत्कालीन समयमा विकसित घटनाहरुका कारण । अनि आगोमा ध्यू थप्न सहयोग पुगेको थियो शाशन व्यवस्थामा स्वेच्छाचारिता,तानशाहशैली र परम्परागत सोचको हावी ।

समय निरन्तर चलिरहन्छ विस्तारै यी सबै इतिहास बन्दै गएको छ । चार पाँच महिना बित्दा नविदै त्यो कहाली लाग्दो क्षण एउटा धुमिल चित्र जस्तो मानस्पटलमा रहन पुगेको छ । उडेको जहाज जस्तै आमजनताको नजरबाट ओझेल हुँदै गएको छ । जसका कारण यी सबै घट्ना भए तिनीहरु लाच पचाएर टाउको ठाडो पार्न थालिसकेका छन् । आफुलाई सुधार्न र सच्याउनतर्फ हैन् । द्वन्द्व सिर्जना गर्न, प्रतिशोध पोख्न, धम्की दिन, आफुलाई झनै शक्तिशाली भएको देखाउन कम्मर कसेरै लाग्न थालेका छन् । भ्रष्टाचारीलाई कारवाही, बालबालिकाको रगतमा होली खेल्ने तत्कालीन जिम्मेवार व्यक्तिलाई कारवाहीको दायरामा ल्याउन सरकार असफल तथा निरिह जस्तै देखिन्छ । सरकार र सरकारका मन्त्रीहरु फाल्गुन २१ को चुनावको भजन गाउँदै समय वेथित गरेको देखिन्छ । जुन असन्तुष्टिका कारण जन आक्रोस र बिद्रोह उत्पन्न भयो ती वेथितिको अन्त्यमा सरकार केन्द्रीत हुन् नसक्दा जेनजी बलिदानी अर्थहिन देखिन पुगेको छ । परिवर्तन र सुधार चाहने आमजनता लगायत जेनजी पुस्तालाई पनि यसले खासै सन्तुष्टि दिन सकेको देखिदैन् । जेनजी आन्दोलनलाई विगतमा जस्तै एउटा आन्दोलनसँग नजर अन्दाज गर्न थालिएको छ । जेनजी मागहरु सम्झौताको एक कागजमा सिमित हुन पुगेको देखिन्छ । युवा क्रान्ती पछिको सरकार पनि विगतका सरकार जस्तै भूमिकामा देखिन्छ । जेनजी बलिदानी र बगेको रगतलाई कम नजर अन्दाज गर्दै फेरि यस्थास्थिती र परम्परामै रमाउदै युवा केन्द्रीत, पारदर्शी, न्यायपूर्ण, सुशान तथा जवाफदेहिता प्रति गम्भिर हुन नसकेमा फेरि आक्रोस क्षतिमा परिवर्तन नहोला भन्न सकिदैन । त्यसैले जेनजी आन्दोलनको भावनालाई बुझ्नु र व्यबहारमा परिणत गर्नु आजको आवश्यकता पनि हो । यहाँ यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

जेनजी युवा बिद्रोह आन्दोलन मात्रै थिएन्, त्यो भनिए जस्तो सामाजिक सञ्जाल प्रतिबन्दका कारण मात्रै श्रजित घटना हैन् । यो बर्षौदेखिको राजनीतिक सिण्डीकेटको कारण उत्पन्न वेथिती, भ्रष्टचार र यसको ढाकछोप, तिव्र राजनीतिक हस्तक्षेप, दण्डहिन्ताका काराण आमजनमानसमा उत्पन्न उकुसमुकुसको विष्फोटन थियो । यो कुनै स्वार्थ परिपूर्ती र सत्ता प्राप्तिका लागि विगतमा दलहरुले गर्ने जस्तो आन्दोलन पनि थिएन् । केहि स्वार्थ समूह र खराव तत्वहरुको धमिलो पानीमा माछा मार्ने प्रवृत्ती हावी भएको कारण केहि सार्वजनिक तथा नीजि सम्पत्ती माथि आगजनी र तोडफोड हुनु यस आन्दोलनलाई असफल र तुहाउने स्वार्थ समूह सक्रिय भएको अनुमान लगाउन सकिन्छ । यस्ता विध्सं कार्यमा जेन जी पुस्ताको संलग्नता थियो थिएन् समय र छानबिन प्रतिवेदनले देखाउदै जाला ।

**विशेषत:** बढ्दो बेरोजगारी र वैदेशीक रोजगारी दर, देश तथा विश्व परिवेश र प्रविधिसँग खेलेका पुस्ता, बढ्दो राजनीतिक हस्तक्षेप र राजनीतिकरण, बेथितीलाई प्रोत्साहन र ढाकछोप, तिव्ररुपमा फैलिएको भ्रष्टाचारको जालो, देशलाई दिर्घकालिन असर पर्ने गरि बनाईएका संरचना, जनप्रतिनीधि, सासद, मन्त्रीका संख्याहरु, आर्थिक रुपमा कमजोर हुँदै गएको देश, आन्तरिक एकतामा खलबल, बाह्य हस्तक्षेपको दरमा वृद्धि,परम्परागत शैलीको शाशन व्यवस्था, शाशनमा स्वेच्छाचारिताको हावी, आलोचना सुन्न नचाहने र कमजोरी हेर्न नचाहने शाशकहरुमा बढ्दै गएको प्रवृत्तीका कारण जेनजी बिद्रोह उत्पन्न भएको कुरामा दुईमत रहँदैन् । तर यी पक्षमा सुधार गर्न र आफुलाई सुधार गर्न नचाहने राजनीतिक दलका नेतृत्वको शैलीले देशलाई कता लैजाने हो आशंकाको विषय बनेको देखिन्छ ।

जेनजी आन्दोलन र त्यसपछि विकसित विचारहरुले शाशन व्यवस्था पाका पुस्ताले सञ्चालन गरेकै कारण आक्रोस उत्पन्न भएको भन्ने गलत भाष्य पनि बनाउदै लगेको देखिन्छ । शाशन व्यवस्था सञ्चालनमा प्रस्तुत भएका असमान व्यबहार, परम्परागत शैली, अधिक राजनीतिकीकरण र राजनैतिक हस्तक्षेप, जनभावना र आवश्यकतालाई खासै ख्याल गर्न नसक्नु बाँकी विश्व कसरी चलिरहेको छ त्यस प्रतिको बेखवर र समय अनुशार आफुलाई रुपान्तरण गर्न नसक्नु पाका नेतृत्वको कमजोरीको रुपमा रहेको देखिन्छ । यसमा सुधार आन्दोलनको भावना हो की ? अनुमान लगाउन सकिन्छ । नेपालमा मात्रै नभएर हामीले विकसित मानेका देशहरुको शाशन व्यवस्थामा पाका पुस्ता नै हावी भएको कारण,पाका पुस्ता साशन सञ्चालनका अभिषाप हुन् भन्नु पनि मूर्खता रहन्छ तर तीनै पाका पुस्ताले जनभावना विपरित राजनीतिक आड्मा स्वेच्छाचारी रुपमा साशन सञ्चालनको अभ्यास गर्नु, सरकार, प्रधानमन्त्री, मन्त्री, सासद, जनप्रतिनिधि सबै नेपालीको बन्न नसक्नु पाका पुस्ताको साशनको सबै भन्दा कमजोर पक्ष हो । यी उल्लेखीत विविध पक्षहरुले बिद्रोह र आक्रोसको बिउँ रोपिदिएको हो भन्दा दूईमत नरहला ।

**अब सुधार निम्न पक्षमा गर्नु पर्ने देखिन्छ :**

-पुस्ता विच संवाद र सहकार्य गर्नु पर्ने ।
-राजनीति, शाशन व्यवस्थामा युवा प्राथमिकता ।
-राजनीतिक दल र तीनका नेतृत्वको परम्परागत सोचमा ।
-साशन प्रणाली र राजनीतिक पक्षमा ।
-रोजगारी सिर्जनामा ।
-आर्थिक वृद्धि तथा आर्थिक अवसरमा ।
-सुशासन, पारर्दशिता र जवाफ देहितामा ।
-स्थानीय तह सम्म फैलिएको भ्रष्टाचारको जालोमा ।
-सामाजिक न्याय र समानता स्थापित गर्ने पक्षमा ।
-सुचना, सञ्चार र प्रविधिको विकास तथा प्रयोगमा ।
-अभिव्यक्ति स्वतन्त्रतामा ।
-राजनीतिक दल र सरकार सञ्चालनमा एउटै व्यक्ति दोहोरीने प्रवृत्तीको अन्त्य ।
-युवा अवसर र प्राथमिकतामा ।
-विगतदेखि वर्तमान सम्म भ्रष्टाचार र वेथितीमा संलग्न व्यक्तिको छानबिन र कारवाही ।

**निष्कर्ष :** जेन जी आन्दोलनलाई अल्छी, लुटेरखान पल्केका, अराजक तत्वको उपनाम दिएर आफुलाई चोख्याउने । स्थिती सामान्य भएको फाईदा उठाउदै आफुलाई सुप्रिम देखाउने, फेरि देशमा अशान्ती फैलाउने मूर्खता अब कुनै पक्षबाट हुनुहुदैन् । समय र परिस्थिती अनुसार आफुलाई सुधार गर्दै जनभावना र युवा भावना अनुरुप आफुलाई रुपान्तरण गर्दै लैजान जरुरी देखिन्छ । जेनजी आन्दोलनको निचोड पनि यहि नै थियो । एक हिउँदले जाडो जादैन् भन्ने सोच राख्दै विगतको जेन जी युवा बिद्रोहको भावना र उद्देश्यलाई पुरा गर्ने दिशामा सबै जिम्मेवार निकायहरु आ–आफ्नो ठाउँबाट लाग्नु पर्ने देखिन्छ । यो एउटा पूर्व योजना विनाको जन आक्रोस र बिद्रोह हो । यथास्थितिमै रमाउन थालेमा फेरि काल्नतरमा यो नदोहरिएला भन्न पनि सकिदैन् । त्यसैले आफुलाई रुपान्तरण गरौं, परम्परागत सोच र शैली त्याग गरौं, जनभावनाको कदर गरौं । हरेक कार्य र निर्णय देश र जनता हितलाई केन्द्रमा राखेर गरौं । आन्तरिक र बाह्य रुपमा देशलाई बलियो बनाउने आधारको खोजी गरौं । युवा भावनाको मर्म बुझौं । यसो गर्न सकेमा सबैको भलाई हुने देखिन्छ । ***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धर्मकर्ममा मन जानेछ।कृषि वा पशुपालनबाट लाभ आर्जन गर्न सकिएला। | **तुला** : पराक्रममा वृद्धि हुनेछ। चिताएको काम सम्पादन गर्नमा सफलता मिल्नेछ। |
| **वृष** : कार्यक्षेत्रमा अरूको भरपर्दा दु:ख पाइनेछ।कार्य स्वयं गर्ने प्रयास गर्नुहोला। | **वृश्चिक** : कलाको क्षेत्रमा सफलता मिल्नेछ। संचित धनमा वृद्धि हुनेछ। |
| **मिथुन** : प्रतिष्ठित कामले समाजमा मानसम्मान बढ्नेछ। समय उत्तम रहेको छ। | **धनु** :पुरुषार्थी काम गर्न सकिनेछ। स्वादिष्ट भोजनको आनन्द मिल्ला। |
| **कर्कट** : रोकिएका कार्य सम्पादन हुनेछन्। आश्वासन दिनेहरूले झुक्याउन सक्लान्। | **मकर** :चिताएका काममा बाधा आउनेछ। नयाँ रोजगारको लागि संघर्ष गर्नुपर्ला। |
| **सिंह** : काम बन्नाले नयाँ मार्गतर्फ अग्रसर भइनेछ। शैक्षिक क्षेत्र फराकिलो हुनेछ। | **कुम्भ** :सञ्चित धनमा वृद्धि हुनेछ। परिस्थितिलाई पनि सहज बनाउन सकिनेछ। |
| **कन्या** : श्रमको उचित मूल्यांकन प्राप्त नहोला। बुद्धि वा श्रम खर्च गर्नुपर्ला। | **मीन** : समयलाई अनुकूल बनाउन सकिन्छ। कामको जग बसाउने समय रहेको छ। |

# कृषि

## व्यावसायिक कुखुरा पालनबाट मनग्य आम्दानी



“पाँच लाखको लगानीबाट सुरु गरेको यो व्यवसायले आज यो उचाइमा पुऱ्याउला भनेर मैले सोचेको पनि थिइन ।” एचपिटी पोल्ट्री फार्मकी सञ्चालक सरिता थापाले भनिन् । उनका अनुसार उक्त फार्ममा पालिएका स्थानीय कुखुरा बिक्री गर्दा महिनामा अढाइदेखि तीन लाखसम्मको आम्दानी हुने गर्दछ । बाँकेको कोहलपुर नगरपालिका-२ शक्तिनगरमा विगत ६ वर्षदेखि स्थानीय प्रजातिका कुखुरा पाल्दै आएकी ३८ वर्षीया कृषि उद्यमी महिला सरिता थापाको दैनिकी बिहान साढे ४ बजेदेखि राति एघार बजेसम्म हुने गर्दछ । साढे १३ कठ्ठामा कुखुरा पालन गरेकी सरिताका अनुसार अन्य प्रजातिका कुखुराका तुलनामा स्थानीय प्रजातिका कुखुरा पाल्न सजिलो हुन्छ । झट्ट रोगले पनि नसमात्ने र औषधिका रूपमा लसुन, टिमुर, बेसारजस्ता घरेलु जडीबुटीको सेवन गराएर पनि निको पार्न सकिने उनले बताइन् । विसं २०७६ सालमा व्यावसायिक रूपमा नै एचपिटि पोल्ट्री फार्म दर्ता गरेर सरिताले स्थानीय प्रजातिका कुखुरा पाल्दै आएकी छिन् । सुरुवातमा पाँच लाखको लगानी लगाएर फार्ममा कुखुरा पाल्न सुरु गरे पनि हाल एकभन्दा माथिको खर्चमा फार्मा लगानी भएको उनको भनाइ छ । “डरैडरमा भएपनि सुरुमा जे परे पर्ला भनेर आँट गरेर नै पाँच लाखको लगानीमा मैले कुखुरा पाल्ने निधो गरेर यो व्यवसायमा हात हालेकी थिएँ ।” उनले भनिन्, “बिस्तारै व्यवसाय फस्टाउँदै गएपछि भने यसैमा लगानी लगाउन मन लाग्यो र दर्ता गरेपछि भने झन्डै एक करोडभन्दा माथिको लगानी लगाइसकेकी छु ।” आफ्नै जग्गामा कुखुरा व्यवसाय गरेको हुनाले जग्गाको भाडा तिर्न नपरेको हुँदा आम्दानीमा सहयोग पुगेको सरिताले बताइन्, “हामीले आफ्नै जग्गामा यो व्यवसाय सञ्चालन गरेको हुनाले पनि जग्गा भाडाको पैसा जोगिएको छ ।” उनले भनिन्, “हामीले कुखुराको चल्ला यही आफैँले उत्पादन गर्ने गर्छौं, अण्डा र चल्लाबाट पनि आम्दानी हुने गरेको छ ।” सरिताका अनुसार कडकनाथ, घाटी खुइले, उल्टे, साकिनी, सोनालीजस्ता स्थानीय प्रजातिका कुखुरा गरी हाल उहाँको फार्ममा चार हजार प्रजातिका स्थानीय कुखुरा छन् । म्यानेजमेन्टमा स्नातक तहसम्मको पढाई पढ्नु भएकी सरिताले डेढ वर्ष जति हिमालय बैङ्कमा काम गरे पनि यो व्यवसायमा लाग्नका लागि घर परिवार र विशेष गरी ससुरा र श्रीमान्ले प्रेरित गरेको उनले बताइन् । पढाइ एकातिर र व्यवसाय अर्कातिर भएर कृषि उद्यमी महिलाका रूपमा चिनिनु भएकी सरिताले कुनै पनि काममा सफल हुनका लागी निरन्तरता, इमानदारिता र कडा परिश्रमसहित मेहनत गर्नुपर्ने बताइन् । “कुनै समय थियो अब त सक्दिन होला भन्ने तर मैले मेहनत गर्न छाडिन । निरन्तर यसैमा आफ्नो सबै समय र दिमाग लगाएँ आज कृषि उद्यमी महिलाका रूपमा चिनिएकी छु,” उनले भनिन् । कुखुरा बिरामी हुँदा भनेको समयमा भेटनेरी डक्टार नआई दिने र आए पनि कुखुरा अलि धेरै नै बिरामी भइसक्ने भएको हुनाले सरिता आफैँले भेटनेरी शिक्षा पढेको पनि बताइन् । हिजोआज सरिता आफैँले कुखुरा बिरामी हुँदा चेक जाँच गर्ने र आवश्यक औषधि प्रयोग गर्ने गरेको सुनाइन् । सरिताको फार्ममा स्थानीय प्रजातिका कुखुरा मात्रै छैनन् । उनले आफ्नो फार्ममा बट्टाई, लौकाट, कालिजलगायतका पक्षी पनि व्यावसायिक रूपमा पालेकी छिन् । अठतिस वर्षको उमेरमा नै एउटा सफल कृषि उद्यमी महिलाको नाममा चिनिनु भएकी सरिताले फर्किएर ती दिन सम्झँदै भनिन्, “विगत सम्झिए भने मलाइ पत्याएरै लाग्दैन । दोमन भएर सुरु गरेको व्यवसायले आज सफल व्यवसायी बनाउँदा खुसीको त सीमा नै छैन ।” उनले भनिन्, उक्त व्यवसायबाट नै सरिताको सबै घर खर्च, कुखुराका लागि दानापानी र दुई सन्तानको लालनपालन सबै चल्दै आएको छ । व्यवसाय सञ्चालन गरेपछि एक पटक मात्र काहोलपुर नगरपालिकाबाट बट्टाई पालनका लागी भनेर रु ५० हजारको अनुदान बाहेक हालसम्म अरू कुनै ठुलो रकम दाबी गरेर सरकारी अनुदान नलिएर नै आफ्नै लगानीमा कुखुरा पाल्दै आएको उनले बताइन् । गर्न सके आफ्नै देशमा, आफ्नै माटोमा धेरै सम्भावना र भविष्य भएको बताउने सरिता विदेशीनै युवाका लागि एक प्रेरणाको श्रोत बनेकी छिन् । *-रासस*

## किसानलाई सुन्तला ढुवानी गर्न समस्या



म्याग्दीको बेनी नगरपालिका-३ भकिम्ली राखुका किसानलाई सुन्तला ढुवानी गर्न समस्या भएको छ । नयाँपुलबाट राखु हुँदै भकिम्ली जोड्ने सडकमा सुन्तला ढुवानी गर्ने गाडी उक्लन नसक्ने भएकाले किसानलाई सुन्तला बजार पठाउन झञ्जट एवं समस्या हुनुका साथै कम मूल्यमा बिक्री गर्नुपर्ने अवस्था आएको हो । बगैँचामा टिपेको सुन्तला ट्याक्टरमा राखेर नयाँपुलमा झार्ने र नयाँपुलबाट गाडीमा राखेर बेनी, पोखरा, काठमाडौँ, चितवनलगायत बजारमा पठाउने गरिएको राखुका कृषक भविकला थापा रानामगरले बताए । “तल्लो राखुबाट नयाँपुलसम्म एकपटक सुन्तला ढुवानी गरेको एक वटा ट्याक्टरले तीन हजार लिन्छ भने उपल्लो राखुबाट तीन हजार पाँच सय खर्च हुन्छ,” उनले भने, “बगैचा र नयाँपुलमा दुई पटक लोड अनलोड गर्दा थप खर्च हुने गरेको छ ।” अन्यत्रका किसानले प्रतिकिलो ८० देखि ८५ मा सुन्तला बेचे पनि राखुका किसानले सडक र ढुवानीको समस्याले गर्दा प्रतिकिलो ७५ मा बेच्न बाध्य भएको उनले भने । ग्रेड नमिलेको, साघुरो सडकमा घुम्ती धेरै छन् । मोटरसाइकल, जिप र ट्याक्टर मात्र चल्ने सडक जोखिमयुक्त छ । सडक पुग्नुअघि यहाँका किसानले बेनीका डोके ब्यापारीलाई सस्तोमा सुन्तला बेच्ने गरेका थिए । सडक आएपछि डोकोमा बोकेर सुन्तला बजार पठाउनुपर्ने समस्या हटे पनि स्तरोन्नतिमा ढिलाई भएको किसानहरू नरबहादुर रानाले गुनासो गरे । विसं २०७३ मा तत्कालीन भकिम्ली गाविस र किसानहरूको ५० लाख लागतमा जयन्ती माविबाट राखु हुँदै नयाँपुल जोड्ने करिब पाँच किलोमिटर सडकको मार्ग खुलेको थियो । सडक निर्माणका लागि स्थानीयवासी महिलाले १३ जना महिलाले बैंकमा सुन धितो राखेर रु १२ लाख ऋृण जुटाएका थिए । बेनी नगरपालिकाले घुम्तीमा ढलान र बर्खामा खसेको पहिरो पन्छायर यातायात सञ्चालनको ब्यवस्था मिलाएको छ । सामान्य मर्मतको भरमा सडक सञ्चालन भएको छ । बेनपा-३ का वडाध्यक्ष पदम पुनले राखुको सडकलाई स्तरोन्नतिका लागि प्रदेश र सैंघ सरकारमा पहल गरिएको बताए । राखुका ६५ घरपरिवार किसानले व्यावसायिक सुन्तला खेती गरेका छन् । वार्षिक दुई करोड मूल्य बराबरको सुन्तला बिक्री हुने गरेको कृषक खिम पुनले बताए । नयाँ बिरुवा थपिदै गएकाले वर्षेनी सुन्तलाको उत्पादन बढेको उनले बताए । सुन्तला खेतीले रोजगारी र आयआर्जनको अवसर सिर्जना भएको छ । काम र अवसरको खोजीमा बजार तथा विदेशिनुपर्ने समस्या कम भएको छ । कृषक गङ्गाबहादुर घर्तीले सुन्तलाले फल दिन थालेपछि विदेश जानु नपरेको बताए । एक सय ८० बोटबाट उनले वार्षिक चार लाख मूल्यको सुन्तला बिक्री हुने बताए । पूर्व फर्किएको भिरालो पाखोमा रहेको राखुको भूगोल र जमिन सुन्तला खेतीका लागि अनुकल छ । सिचाइँको पर्याप्त सुविधा छ । कोदो र मकै बालीको विकल्पमा व्यावसायिक सुन्तला खेती गरेका छन् । राखुवासीले सुन्तलाखेतीलाई मुख्य आयस्रोत बनाएका छन् । *-रासस*

## ‘टिपिएस’ विधिबाट आलुखेती



शुक्लाफाँटा नगरपालिका-८ नौखरीका व्यावसायिक तरकारी खेतीमा संलग्न किसान महादेव चौधरीले यस वर्ष पहिलोपटक टिपिएस (ट्रयु पोटेटो सिडस) विधिबाट आलुखेती गरेका छन् । चौधरीले आलुको बिँडाबाट प्राप्त वास्तविक बियाँ प्रयोग गरी नर्सरीमा बिरुवा उत्पादन गरेपछि खेतमा सारेर उनले बिरुवा रोपेका हुन् । चौधरीका अनुसार टिपिएस विधिबाट प्राप्त बिरुवा रोगप्रतिरोधी, स्वस्थ र बढी उत्पादन दिने भएकाले यसलाई प्राथमिकता दिएको बताए । “पहिले बियाँ रोपेर वेर्ना बनायौँ, त्यसपछि खेतमा सारेर रोप्यौँ”, चौधरीले भने “यसबाट आगामी वर्ष रोगमुक्त उच्च गुणस्तरको बीउ उत्पादन गर्ने लक्ष्य छ ।” एक दशकदेखि व्यावसायिक तरकारीखेतीमा संलग्न चौधरीका लागि टिपिएस विधि बियाँ उत्पादनतर्फको प्रवेशको पहिलो अनुभवका रूपमा रहेको छ । आधुनिक आलु उत्पादन प्रविधि उपयोग गरेर बीउ उत्पादन लागत घट्ने, रोगको जोखिम कम हुने र उत्पादन वृद्धि हुने भएकाले नयाँ विधि अपनाएको चौधरीले बताए । हाल चौधरीले दुई कठ्ठा क्षेत्रमा बियाँबाट तयार पारिएका आलुका बिरुवा रोपेका छन् । आउँदो वर्ष दश कठ्ठा जग्गामा यसै विधिबाट उत्पादन भएको मूल बीउ रोपेर रोगमुक्त आलु बीउ उत्पादन गर्ने लक्ष्य राखेका छन् । टिपिएसबाट उत्पादन हुने बीउको मूल्य अधिक हुने भएकाले आम्दानीमा उल्लेख्य वृद्धि हुने उनको अपेक्षा रहेको छ । चौधरीले हाल आलुसँगै काउली, गोलभेडा, खुर्सानी, बन्दागोभी, तिते करेला, काँक्रा, लौका, फर्सी र तने बोडी गरी दश कठठा क्षेत्रफलमा विविध सागसब्जीखेती गर्दै आएका छन् । सागसब्जी उत्पादनबाट चौधरीले वार्षिक रु सात लाखभन्दा बढी आम्दानी गर्दै आएका छन् । “टिपिएस आलुखेतीलाई भविष्यमा बीउ उत्पादन तथा आधुनिक तरकारी व्यवसाय विस्तारको मुख्य आधारका रूपमा लिएको छु”, उनले भने, “यसरी उत्पादन भएको आलुको बीउलाई व्यावसायिक रूपमा आलुखेती गर्ने किसानलाई उपलव्ध गराउने योजना छ ।” पहिलो पुस्ताको आलुको बीउ प्रयोग गरी खेती गरिए उत्पादन बढ्नुका साथै छ वर्षसम्म बीउका रूपमा प्रयोग गर्न सकिने उनी बताउँछन् । यस प्रविधिबाट आलुको बीउ उत्पादन गर्न किसानलाई सिकाउने उनले उद्देश्य लिएका छन् । बाह्य जिल्लाका किसानले बियाँबाट बिरुवा तयार गरी आलु रोपेको देखेर चौधरीले त्यो तरिका सिकेर आलुको बीउ उत्पादनमा संलग्न भएका हुन् ।

*-इहिमालय टाइम्स डटकम*

## पाँच मुरीभन्दा बढी बदाम फलाउने किसान पुरस्कृत



हलेसी तुवाचुङ नगरपालिकाले पाँच मुरीभन्दा बढी बदाम फलाउने किसानलाई प्रोत्साहन रकम वितरण गर्न सुरु गरेको छ। ‘बदामखेतीमा विस्तार, पोषण सुरक्षा र आम्दानीको आधार’ भन्ने नाराका साथ बदामखेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको यो नगरपालिकाले गत वर्षबाटै प्रोत्साहन रकम वितरण कार्यक्रम ल्याएको हो । नगरप्रवक्ता कमल गिरीले दिएको जानकारीअनुसार, न्यूनतम् पाँच मुरी बदाम उत्पादन गर्ने किसानलाई रु दुई हजार ५०० तथा त्योभन्दा बढी उत्पादन गर्ने किसानलाई प्रतिमुरी रु ३०० का दरले प्रोत्साहन रकम प्रदान गर्ने गरिएको छ। यो वर्ष नगरपालिकामा कूल तीन हजार १२८ मुरी बदाम उत्पादन भएको छ । प्रोत्साहन रकम पाउनका लागि किसानको निवेदनका आधारमा कृषि शाखाका कर्मचारीले मूल्याङ्कन गर्ने गर्छन् । पहिलो चरणमा आइतबार नगरपालिकाको कार्यालयमा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रमको अवसर पारेर वडा नं ५ दुर्छिम, वडा नं ७ वहादेवस्थान र वडा नं ८ धितुङका किसानलाई रकम वितरण गरिएको छ। कृषि शाखा प्रमुख रविन भट्टराईका अनुसार धितुङका १५८ जना किसानलाई रु सात लाख १० हजार ६०० प्रोत्साहन रकम वितरण गरिएको छ । नगरपालिकाको कार्यालय टाढा पर्ने वडा नं २ डिकुवाका किसानले रु एक लाख दुई हजार तथा वडा नं ११ राजापानीका किसानले रु ९३ हजार ३०० वडा कार्यालयमार्फत प्राप्त गर्नेछन्। यस वर्ष सबैभन्दा बढी धितुङका गोपाल बुढाथोकीले ४१ मुरी बदाम उत्पादन गरेका छन् । गत वर्षको तुलनामा यस वर्ष बदाम उत्पादनमा ४६ दशमलव ३५ प्रतिशतले वृद्धि भएको छ । विश्वप्रसिद्ध त्रिधार्मिकस्थल हलेसी आउने भक्तजन तथा दर्शनार्थीले यहाँ उत्पादित बदाम कोसेलीका रूपमा पनि लैजाने गरेका छन् । नगरपालिका क्षेत्रभित्र उत्पादित कृषि उपजलाई प्रवर्द्धन तथा बजारीकरण गर्दै नगरवासीको आयआर्जनमा वृद्धि गर्न हलेसीस्थित ट्राफिकचोकमा चिस्यान केन्द्रसहितको कृषि सङ्कलन केन्द्र समेत सञ्चालन गरिएको छ । *-हाम्रा कुरा डटकम*

# आज विश्व ध्यान दिवस मनाइँदै



**पाल्पा,** पुस ५/संयुक्त राष्ट्रसैले घोषणा गरेको विश्व ध्यान दिवस आज नेपालमा पनि विभिन्न धार्मिक, आध्यात्मिक, सांस्कृतिक एवं सामाजिक संस्थाले मनाउँदै छन् ।

डिसेम्बर ६, २०२४ मा संयुक्त राष्ट्रसैको महासभाले २१ डिसेम्बरलाई विश्व ध्यान दिवसको रूपमा घोषणा गरेको थियो । नेपाल सरकारले पनि आज ध्यान दिवस मनाउने जनाएको छ । यस अवसरमा देशभरका योग, ध्यानलगायत आध्यात्मिक क्षेत्रमा काम गर्ने सै संस्थाले विभिन्न कार्यक्रम आयोजना गर्दै छन् । ध्यानमार्फत केही व्यक्तिहरूले आफ्नो वास्तविक आत्मालाई अनुभूति गरी आत्मसाक्षात्कार गर्छन् । अरूले ज्ञानको मार्ग, योगको मार्ग वा कर्मको मार्गबाट आत्मसाक्षात्कार प्राप्त गर्छन् । दिवसले ध्यानको महत्व र आन्तरिक शान्तितर्फको यात्रालाई उजागर गर्छ । ध्यान आत्म-चिन्तन र आन्तरिक चेतनाका लागि शक्तिशाली माध्यम हो । दिवसले मानिसहरूलाई मानसिक स्वास्थ्य र आन्तरिक शान्तिका लागि ध्यानको महत्वबारे जागरूक बनाउने उद्देश्य राख्दछ । यो दिन विशेषगरी तनाव व्यवस्थापन, आत्मचिन्तन, र सकारात्मक जीवनशैलीलाई प्रोत्साहन दिन ध्यान कार्यक्रम, सेमिनार, र कार्यशालाहरू आयोजना गरिन्छ । आधुनिक एवं व्यस्त जीवनशैलीमा मानिसहरू स्वस्थ रहन चाहन्छन् । त्यसका लागि आफूलाई सन्तुलित रूपमा अघि बढाउनुपर्छ । सन्तुलित जीवनयापनले स्वस्थ रहन सहयोग गर्छ । त्यसका लागि आनो खानपानदेखि व्यायामसम्म ध्यान पुऱ्याउनुपर्छ । राम्रो स्वास्थ्य नै सफल जीवनको महत्वपूर्ण सूत्र हो । शारिरीक रुपमा स्वस्थ रहनका लागि हरेक वर्ष ध्यान दिवस मनाउने गरिन्छ । विश्व स्वास्थ्य संगठनका अनुसार पूर्ण रुपमा स्वस्थ हुन शारीरिक, मानसिक, सामाजिक तथा आध्यात्मिक रुपमा समेत स्वस्थ हुनुपर्ने व्याख्याले दिवसको महत्व अझ बढाउँदछ । शरीर, इन्द्रिय, मन र आत्माको संयोग नै आयु हो ।

## पाल्पामा आयुर्वेदिक...

...कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरूले भवनको अभाव र पर्याप्त बजेट नहुँदा सेवा प्रवाहमा समस्या भइरहेकोमा जोड दिए । जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले आयुर्वेदिक स्वास्थ्य सेवा नागरिकका लागि महत्वपूर्ण रहेको उल्लेख गर्दै केन्द्रको भौतिक पूर्वाधार कमजोर हुनु चिन्ताको विषय भएको बताए । सेवाको माग बढ्दै गएको छ तर भवन र बजेटको अभावले केन्द्रले चाहेजति सेवा विस्तार गर्न नसकेको समन्वय प्रमुख खनालले जोड दिए । जिल्ला समन्वय कार्यालय पाल्पाका समन्वय अधिकारी पुनाराम पौडेलले आयुर्वेदिक स्वास्थ्य केन्द्रको दीर्घकालीन विकासका लागि तीनै तहका सरकारबीच सहकार्य आवश्यक रहेको बताए । उनले न्युनतम सेवा मापदण्डमा देखिएको प्रगति सकारात्मक भए पनि संरचना र बजेटको समस्या समाधान नगरेसम्म अपेक्षित नतिजा हासिल गर्न कठिन हुने बताए । नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले आयुर्वेदिक स्वास्थ्य सेवाको महत्व र केन्द्रले भोग्दै आएका समस्याबारे सञ्चार माध्यममार्फत निरन्तर आवाज उठाइने बताए । उनले आयुर्वेदिक स्वास्थ्य केन्द्रलाई सबल बनाउन तानसेन नगरपालिकाले सहयोग गर्नुपर्ने र नसर्ने रोग अत्याधिक बढेकोले आयुर्वेदिक क्षेत्रमा बजेट विनियोजन गर्न तानसेन नगरपालिकाको ध्यानाकर्षण गराए । कार्यक्रममा सहभागी वक्ताहरूले न्युनतम सेवा मापदण्डमा सुधार देखिनु सकारात्मक भए पनि भवन अभाव र बजेट समस्याको दीर्घकालीन समाधान आवश्यक रहेको निष्कर्ष निकालेका थिए । कार्यालयका सूचना अधिकारी यज्ञ गैरेको सञ्चालनमा कार्यक्रम चलेको भएको थियो ।

## 'बुद्ध जन्मस्थलको अदृश्य...

...यही तथ्यलाई आधार मानेर गरिएको खोजका क्रममा सन् १८९६ मा अशोकस्तम्भ फेला पर्यो, जसले लुम्बिनीलाई आधिकारिक रूपमा बुद्ध जन्मस्थल प्रमाणित गरेको हो । त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक डा त्रिभुवन बरइले तेलार नदीलाई प्राचीन समयको 'जीवित नक्सा'को सङ्ज्ञा दिँदै यसलाई केवल सिँचाइका माध्यम मात्र नभई 'बौद्धकालीन सम्पदा-नदी'का रूपमा विकास गर्नुपर्ने सुझाव दिनुभयो । डा. बरइले भने, "यदि समयमै तेलार नदीको सरसफाइ र संरक्षण नगरिए बुद्ध जन्मस्थलको यो मौन साक्षी इतिहासको पानामा मात्र सीमित हुने खतरा छ ।" लुम्बिनी विकास कोषका सूचना शाखा प्रमुख डा. हरिध्वज राईले यसलाई लुम्बिनीको 'इको-करिडोर'को अभिन्न अङ्ग मान्छन् । यस्तै, पुरातत्व महाशाखा प्रमुख हिमाल उप्रेतीका अनुसार तेलार केवल एउटा जलमार्गमात्र होइन, यो लुम्बिनीको बुद्धकालीन भूदृश्यको एउटा जीवन्त अङ्ग पनि हो । हाल लुम्बिनीमा भइरहेको भौतिक विकास र मानवीय हस्तक्षेपका कारण यो ऐतिहासिक नदीको प्राकृतिक पहिचान सङ्कटमा छ । यसलाई 'इको-सांस्कृतिक करिडोर'का रूपमा विकास गर्न ढिलाइ गर्नु हुँदैन । यसै सन्दर्भमा लुम्बिनी बचाउ महाअभियानका संयोजक अकरम खाँले चिन्ता व्यक्त गर्दै भने, "हामी लुम्बिनीको आध्यात्मिक र भौतिक विकासको कुरा त गर्छौं, तर यसको अस्तित्वसँग जोडिएको तेलार नदीलाई विनाश गर्दैछौं । यदि सरोकारवाला निकायले तत्कालै अनियन्त्रित उत्खनन र प्रदूषण रोक्न ठोस कदम चालेनन् भने आगामी पुस्ताले तेलारलाई केवल इतिहासका पानामा मात्र सीमित पाउनेछन् । अब यसलाई 'हेरिटेज रिभर' (सम्पदा नदी) घोषणा गरेर संरक्षण अभियान चलाउनुपर्छ ।"स्थानीय सरकारको तर्फबाट लुम्बिनी सांस्कृतिक नगरपालिकाकी कार्यवाहक प्रमुख कल्पना हरिजनले प्रतिबद्धता व्यक्त गर्दै भने, "तेलार नदी हाम्रो कृषि प्रणाली र धार्मिक-सांस्कृतिक पहिचानको मेरुदण्ड हो । नगरपालिकाले यसको अतिक्रमण रोक्न र यसलाई 'ग्रीन बेल्ट'का रूपमा विकास गर्न विशेष नीति ल्याउनेछ । तेलार नदीको ऐतिहासिक गरिमा जोगाउनु हामी सबैको साझा दायित्व हो ।"-**रासस**

## खेलकुद समाचार

### टी-२० विश्वकपका लागि भारतीय टोली घोषणा



**काठमाडौं,** पुस ५/आईसीसी टी-२० विश्वकप क्रिकेट २०२६ का लागि भारतीय टोली घोषणा भएको छ । मुम्बईमा रहेको भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) को मुख्यालयमा बीसीसीआईका सचिव देवजित सैकियाले प्रमुख चयनकर्ता अजित आगरकर र कप्तान सूर्यकुमार यादवको उपस्थितिमा १५ सदस्यीय टोली घोषणा गरेका हुन् । टोलीको उपकप्तानमा अक्षर पटेल रहेका छन् । ईशान किशन र रिंकु सिंह टोलीमा परेका छन् भने शुभमन गिल र जितेश शर्मा बाहिरिएका छन् । १०औं संस्करणको टी-२० विश्वकप आउँदो फेब्रुअरी ७ देखि शुरू हुँदैछ । २० वटा टोली सहभागी हुने प्रतियोगिताको फाइनल खेल मार्च ८ मा हुनेछ । भारत टी-२० विश्वकपको साविक विजेता हो । यस्तो छ भारतीय टोली-सूर्यकुमार यादव (कप्तान), अभिषेक शर्मा, सन्जू सामसन (विकेटकीपर), तिलक वर्मा, हार्दिक पान्ड्या, शिवम दुबे, अक्षर पटेल (उपकप्तान), रिन्कु सिंह, जसप्रीत बुमराह, हर्षित राणा, अर्शदीप सिंह, कुलदीप यादव, वरुण चक्रवर्ती, वाशिङ्गटन सुन्दर, ईशान किशन (विकेटकीपर) ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत

डस्प्लेमा

विज्ञापन

दिनुहोस्

व्यवसाय

बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

### अधिकांस बैंकले घटाए निक्षेपको ब्याजदर




**पाल्पा,** पुस ५/अधिकांस बैंकहरूले पुसका लागि ब्याजदर थप घटाएका छन् । उच्च तरलता तथा न्यून कर्जा प्रवाहका बाबजुद नीतिगत दर घटेसँगै बैंकको ब्याजदर थप घटेको हो । नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको समीक्षामार्फत नीतिगत दर घटाएको थियो ।

राष्ट्र बैंकले मौद्रिक नीति समीक्षामार्फत नीतिगत दर ४ दशमलव ५० प्रतिशतबाट ४ दशमलव २५ मा झारेको थियो । यसले ब्याजदर थप घटाउन दबाब पुगेपछि बैंकहरूले पुस महिनाका लागि सार्वजनिक गरेको ब्याजदर मंसिरको तुलनामा घटेको छ । २० वटा वाणिज्य बैंकले सार्वजनिक गरेको सूचीअनुसार व्यक्तिगत मुद्दती निक्षेपमा दिने अधिकतम ब्याजदर औसतमा मंसिरको तुलनामा पुसमा ० दशमलव २० प्रतिशत विन्दुले झरेको छ । मंसिरमा व्यक्तिगत मुद्दतीमा दिने अधिकतम ब्याजदर औसत ५ दशमलव ०४०५ प्रतिशत थियो भने यो पुसमा ४ दशमलव ८३४ प्रतिशतमा झरेको हो । १३ बैंकहरूले व्यक्तिगत मुद्दति निक्षेपको अधिकतम ब्याजदर घटाएका छन् । प्राइम कमर्सियल बैंक, ग्लोवल आइएमई बैंक र राष्ट्रिय वाणिज्य बैंकले समान ० दशमलव ५ प्रतिशतविन्दुले घटाएका छन् । प्रभु बैंक र कृषि विकास बैंकले ० दशमलव ४ प्रतिशतले र कुमारी बैंकले ० दशमलव ३८ प्रतिशतविन्दुले ब्याजदर घटाएका छन् । ७ वाणिज्य बैंकहरूले (सिटिजन्स, माछापुच्छ्रे, एनआईसी एशिया, सिद्धार्थ, नेपाल इन्भेष्टमेन्ट मेगा, एनएमबि र हिमालयन बैंक) मंसिर महिनाकै अधिकतम ब्याजदरलाई निरन्तरता दिएका छन् । पुस महिनामा व्यक्तिगत मुद्दति निक्षेपमा ग्लोवल आइएमई बैंक र हिमालयन बैंकले अधिकतम ५ दशमलव ५ प्रतिशतसम्म ब्याज दिनेछन् । सबैभन्दा कम ब्याजदर प्राइम कमर्सियल बैंकले ४ दशमलव २५ प्रतिशत कायम गरेको छ । यसैगरी संस्थागत मुद्दति निक्षेपको अधिकतम औसत ब्याजदर पनि मंसिरको तुलनामा पुसमा ० दशमलव१३ प्रतिशतविन्दुले घटेको छ । पुस महिनाका लागि ५ वाणिज्य बैंकहरूले संस्थागत मुद्दतिको अधिकतम ब्याजदर घटाएका छन् । यस्तै, बाँकी १५ बैंकले पुरानै दरलाई निरन्तरता दिएका छन् ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई